# सुनिलस्मृति गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## सुलिचौर, रोल्पा




## आर्थिक वर्ष २०८०/०८१ दोस्रो चौमासिक

## सार्वजनिक सुनुवाई कार्यक्रम

# प्रतिवेदन

रेडियो सभ्यता एफ.एम. ९९.५ मेगाहर्ज

सुनिलस्मृति गाउँपालिका सुलिचौर, रोल्पा


आ.व. २०८०/०८१ को दोश्रो चौमासिक
सार्वजनिक सुनुवाई कार्यक्रम
सुनिलस्मृति-५ गजुल, रोल्पा
२०८० चैत्र २५ गते
रेडियो सभ्यता
९९.५ मेगाहर्ज
आयोजक
सुनिलस्मृति गाउँपालिका
सुलिचौर, रोल्पा





# सुनिलस्मृति गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय सुलिचौर, रोल्पा

## आर्थिक वर्ष २०८०/०८१ दोस्रो चौमासिक

# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

## १) परिचय/पृष्टभूमी

सेवा प्रदायक तथा सेवा ग्राहिविच पुलको काम गर्ने माध्यम भनेको सार्वजनिक सुनुवाई हो । सेवा प्रदायक कार्यालय तथा कर्मचारीहरुले जानेर वा अन्जानमा गरेको गल्ती, कमि, कमजोरीलाई सतहमा ल्याउने र सेवा प्रवाह गर्दै गर्दा परेका समस्या, कठिनाई वा वेवास्थालाई पनि सुधार्ने अवसरका रुपमा सार्वजनिक सुनुवाईलाई लिइन्छ ।

चालु आर्थिक वर्षमा सेवा प्रदायक विभिन्न कार्यालय तथा स्थानीय सरकारले नागरिक हितका लागि गरेका विभिन्न गतिविधि, नीति तथा कार्यक्रम, बजेटको बाँडफाड तथा हरेक कृयाकलाप आम नागरिकले जानकारी लिन पाउनु उनिहरुको सुचनाको हक हो । विभिन्न आयोजना, योजना, परियोजना तथा कार्यक्रममा भएका हरेक गतिविधि र अर्च विवरण नागरिक समक्ष सार्वजनिक गर्नु सेवा प्रदायक निकायको दायित्व हो । यि सवै प्रकारको हक, अधिकार, दायित्व र कर्तब्यबोध गराउनका लागि सेवा प्रदायक कर्मचारी तथा जनप्रतिनिधि अनि सेवा ग्राहिहरुलाई एकै थलोमा भेला गरि साँझा बुझाइ निमार्ण गर्नु सार्वजनिक सुनुवाईको मुख्य उदेश्य हो ।

स्थानीय सरकार संचालन ऐनमा पनि हरेक योजना, कार्यक्रम, सेवा प्रदायक कार्यालयहरु तथा स्थानीय सरकारले प्रत्यक चौमासिकमा सार्वजनिक सुनुवाई गर्नु पर्ने बताएको छ । पालिकामा हुने हरेक गतिविधिको पारदर्शिताका लागि सार्वजनिक सुनुवाई अनिवार्य आवश्यक छ ।

रोल्पा जिल्लाका विभिन्न पालिकाहरु माध्य सुनिलस्मृति गाउँपालिका पनि एक हो । यस पालिकाले सुशासन, पार्दशिता, मितब्ययिता र जनउत्तरदायी शासन ब्यवस्था कायम गर्नका लागि निरन्तर लागिरहेको छ । जनतासंग नजिक भइ उनिहरुको गुनासो, सुझाव, प्रतिकृया, भोगाइ, अनुभवलाई समेट्दै सरकार संचालन गर्नु सुशासनको आधारशिला हो । यहि आधारशिलालाई कार्यन्वयन गर्ने माध्यम भनेको सार्वजनिक सुनुवाई हो ।

सुनिलस्मृति गाउँपालिकाले २०७५ सालदेखि वार्षिक, अर्धवार्षिक तथा चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्दै आइरहेको छ । सार्वजनिक सुनुवाई कार्यक्रममा जनताको हरेक

समस्या, गुनासो, दुखेसो र भोगाई सेवाप्रदायकले सुन्न पाउनुका साथै कार्य सम्पादन गर्दा भए गरेका कमि कमजोरीहरुलाई पनि औंल्याउने गरिन्छ । जनताको प्रश्नलाई साक्षात्कार गर्दै भए गरेका समस्या, गुनासो र सुझावलाई समेट्दै आगामि आर्थिक वर्षको नीति, योजना तथा कार्यक्रममा समेट्न सके जनताले सरकारको अपनत्व गर्दछन् । यसलाई कार्यान्वयनमा लैजानका लागि यसभन्दा अघिल्लो जनप्रतिनिधिहरुले पनि सार्वजनिक सुनुवाई कार्यक्रम नियमित रुपमा गरेका थिए भने सुनिलस्मृति गाउँपालिकाका अहिलेका जनप्रतिनिधि तथा कर्मचारीहरुले सार्वजनिक सुनुवाई कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेर कार्यक्रम संचालन गर्दै आइरहेको छ ।

सुनिलस्मृति गाउँपालिकामा दोस्रो कार्यकालका लागि जनप्रतिनिधिहरु आइ सके पश्चात विगत देखि हुँदै आएको सार्वजनिक सुनुवाई कार्यक्रमलाई अझै व्यवस्थित गर्दै लगिएको छ । सुनिलस्मृति गाउँपालिकाले प्रत्यक चौमासिकमा घुम्ति सार्वजनिक सुनुवाई कार्यक्रम गर्दै आइरहेको छ । प्रत्यक चौमासिक सार्वजनिक सुनुवाई फरक-फरक वडामा संचालन गर्ने गरिएको छ भने वार्षिक सार्वजनिक सुनुवाई भने पालिका केन्द्रमा नै गर्ने गरिएको छ । सार्वजनिक सुनुवाई कार्यक्रमलाई कानूनि बैधता दिनका लागि कार्यविधि बनाएर नै कार्यक्रम गर्न थालिएको छ ।

आम जनताको गुनासो सुन्नका लागि विभिन्न माध्यमहरु गाउँपालिकाले अपनाइरहेको भए पनि अझै जनतासंग नजिक भएर गुनासो, सुझाव तथा प्रतिकृया संकलन गर्दै सार्वजनिक सुनुवाईलाई सत्य, तथ्य र निष्पक्षे बनाउनका लागि एक जना सार्वजनिक सुनुवाई संयोजक नियुक्ति गरि वडाको प्रत्यक टोल-टोलमा सुझाव संकलन, नागरिक प्रतिवेदन तथा निर्गम अभिमत संकलन गर्ने गरिएको छ । कार्यक्रममा धेरै भन्दा धेरै सहभागिता होस भन्नका लागि संचारमाध्यम, पत्रपत्रिका, सामाजिक संजालको प्रयोग गरि ब्यापक प्रचार-प्रसार गरिएको थियो । कार्यक्रमलाई तठस्त र निष्पक्ष बनाउनका लागि सार्वजनिक सुनुवाई संयोजकले नै सहजिकरण गर्ने ब्यवस्था गरिएको थियो ।

सुनिलस्मृति गाउँपालिकाको चालु आर्थिक वर्षको पहिलो चौमासिक सार्वजनिक सुनुवाई गाउँपालिकाको वडा नं. २ हरिगाउँमा सम्पन्न गरिएको थियो भने चालु आर्थिक वर्ष २०८०-०८१ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सुनिलस्मृति गाउँपालिकाको वडा नं ५ काभ्रामा सम्पन्न गरिएको छ । सुनिलस्मृति गाउँपालिकाको चालु आर्थिक वर्षको वार्षिक सार्वजनिक सुनुवाई भने गाउँपालिकाको केन्द्र सुलिचौरमा सम्पन्न हुने छ । सुनिलस्मृति गाउँपालिका, गाउँ कार्यपालिकाले हरेक चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम बस्ती स्तरमा गर्ने र वार्षिक सार्वजनिक सुनुवाई पालिका केन्द्रमा गर्ने निर्णय गरि सकेको छ ।

## २) कार्यक्रमको उद्धेश्य

सेवा प्रदायक कार्यालयहरुले राम्रो सेवा दिन खोज्दा खोज्दै कहिले काही गलत बुझाइ पैदा हुन सक्छ । आफुले आफुलाई राम्रो गरेको महशुस हुँदा हुँदै पनि सेवा प्रदायकले असजिलो महशुस गर्न सक्छ । कहिले काही सुनैकै भरमा सेवा प्रदायकहरु सम्म गलत सन्देश पनि जान सक्छ यि सवै समस्या निवारण गरि साँझा बुझाइ निमार्ण गर्नु सार्वजनिक सुनुवाईको मुख्य उदेश्य हो ।

सुनिलस्मृति गाउँपालिकाले विभिन्न नीति, कार्यक्रम तथा योजनाहरु सम्पन्न गरेर मात्र सार्थकता नहुने भएकाले गाउँपालिकाले सम्पन्न गरेका विभिन्न कार्यक्रम तथा योजनाहरुका बारेमा जनताहरुलाइ जानकारी दिने, गाउँपालिका, वडा कार्यालयले प्रदान गर्ने सेवा प्रवाहका साथै पालिका भित्र रहेको विभिन्न सेवा प्रदायक कार्यालयहरुको बारेमा जानकारी आम सेवाग्राहिहरुलाई दिनुका साथै सेवा प्रदायकहरुको गुनासो, सुझाव, सल्लाह, समस्यालाई सहजिकरण गर्नुका साथै आगामि आर्थिक वर्षको नीति, कार्यक्रम तथा योजनाहरुमा नागरिकहरुको गुनासो सम्वोधन गर्न सेतुको काम गर्नु पनि सर्वजनिक सुनुवाईको अर्को उदेश्य हो ।

यसका अलावा योजना सम्पन्न गर्दा कहि कतै अनियमितता भएका, ढिला सुस्ति भएका, झन्जट भएको खण्डमा नागरिकहरुले खवरदारी गर्ने अवसर पनि सार्वजनिक सुनुवाई कार्यक्रममा प्राप्त हुन्छ ।

सेवा प्रदायक निकाय र सेवाग्राहि विचमा साँझा बुझाई निमार्ण गर्दै समुन्नत, संवृद्ध, सुशासनयुक्त पालिका निमार्ण गर्नु सार्वजकि सुनुवाई कार्यक्रमको उदेश्य हो । गाउँका दुर दराजमा रहेका समस्याहरु सम्वन्धित सेवाप्रदायक निकाय सम्म नपुगिरहेको साथै सम्पुर्ण जनप्रतिनिधि तथा कर्मचारीहरु एकै थलोमा हुने अवसर नमिलिरहेको सन्दर्भमा आम सेवा प्रदायक र सेवाग्राहिहरुलाई एउटै फोरममा जम्मा गरि साँझा, सवल र विवाद रहित सवाल निमार्ण गर्न पनि सार्वजनिक सुनुवाई कार्यक्रमको अहम भूमिका रहन्छ ।

## ३) विधि

जुनसुकै कार्यक्रम सम्पन्न गर्नका लागि पुर्व तयारीको आवश्यक पर्दछ । सुनिलस्मृति गाउँपालिकाले चालु आर्थिक वर्षको ८ महिना सम्म गरेको प्रगति र नागरिकहरुको विभिन्न समस्या बुझ्नका लागि दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमको तय गरिएको हो । फाल्गुन १४ गते बसेको गाउँकार्यपालिकाको बैठकले चैत्र २६ गते ५ नं. वडा कार्यालयमा सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने निर्णय गरेको थियो ।

आर्थिक वर्ष २०८०-०८१ को दोस्रो चौमासिक प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्नका लागि गाउँपालिकाको कार्यपालिका बैठकले मिति, समय र स्थान तय गरेको थियो । सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्ने निर्णय पश्चात ग्रामिण इलाकामा सुझाव संकलन तथा निर्गम अभिमत, नागरिक प्रतिवेदन संकलन गर्न सार्वजनिक सुनुवाई सहजिकरण गर्नका लागि एक जना सार्वजनिक सुनुवाई संयोजकलाई नियुक्ति गरिएको थियो । चैत्र ४ गतेदेखि सुनिलस्मृति गाउँपालिकाका विभिन्न वडा तथा बस्ति स्तरमा सुझाव संकलन, निर्गम अभिमत, नागकिर प्रतिवेदन संकलन गर्नका लागि पठाइएको थियो ।

वडा, टोल, बस्तिमा जाँदा आम नागरिकहरुलाई सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थितीका लागि आग्रह समेत गरिएको थियो । चैत्र २३ गते सम्म सुझाव संकलन, नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलन अभियान सकिएको थियो । कार्यक्रममा धेरै भन्दा धेरै सहभागिता होस भन्नका लागि विभिन्न सामाजिक संजाल, मिडिया, पत्रपत्रिकामा प्रचार-प्रसार गर्नुका साथै पत्राचार समेत गरिएको थियो । कार्यक्रममा अधिक सेवाग्राहिहरुको सहभागिताका लागि, सुझाव संकलनमा सहभागि वडाका जनप्रतिनिधि र कर्मचारीहरुलाई उपस्थितिका लागि आग्रह समेत गरिएको थियो ।

कार्यक्रम स्थलको बारेमा पुर्व अवलोकन समेत गरिएको थियो । कार्यक्रमलाई व्यवस्थित गर्नका लागि कार्यक्रम स्थल सम्म सेवाग्राही तथा  सेवा प्रदायक र जनप्रतिनिधिहरु पुग्नका लागि यातायातका साधन, बस्ने कर्चि, टेबल, खाने पानी, नास्ता, अवश्यक पर्ने औजार उपकरणको ब्यवस्था गरिएको थियो ।

## ४) समन्वय र प्रचार-प्रसार

कुनै पनि कार्यक्रम सभ्य र भब्य रुपमा सम्पन्न गर्नका लागि समन्वय र प्रचार-प्रसारको अत्यन्त महत्वपुर्ण भूमिका रहन्छ । सरोकारवाला विभिन्न निकायहरुसंग समन्वय र सम्पुर्ण सेवा ग्राहिहरु समक्ष कार्यक्रमको बारेमा जानकारी पुऱ्याउन सक्नु नै कार्यक्रम सफल बनाउने अचुक उपायको ।

आर्थिक वर्ष २०८०-०८१ को दोस्रो चौमासिक प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने मिति, समय र स्थान फाल्गुन १४ गते बसेको गाउँकार्यपालिकाको बैठकले तय गरेको थियो । कार्यपालिकाको बैठकले चालु आर्थिक वर्षको दोस्रो सार्वजनिक सुनुवार्य चैत्र २६ गते ५ नं. वडा कार्यालयमा गर्ने निर्णय गरे पश्चात कार्यक्रम कसरी सम्पन्न गर्ने भन्ने बारेमा छलफल गरिएको थियो । कार्यक्रमलाई सभ्य र भब्य बनाउनका लागि सुनिलस्मृति गाउँपालिका वडा नं. ३, ४, ५ र ६ का बस्ति स्तरमा सम्पुर्ण नागरिकहरुको गुनासो कार्यक्रममा

समावेश गर्नका लागि प्रत्यक टोल-टोलमा पुग्न वडा अध्यक्ष र वडा सदस्यहरुसंग समन्वय गरिएको थियो ।

सुझाव संकलन, नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलनका लागि सहभागि भएकाहरुलाई सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागिताका लागि आग्रह गरिएको थियो भने वडा अध्यक्ष र सदस्यहरुलाई वडाबाट सके सम्म धेरै सहभागि लिन आग्रह गरिएको थियो । गाउँपालिकाको सुचना पार्टी, फेसबुक पेज, वयबसाइट लगाएतका सामाजिक संजालहरुबाट सुचना प्रवाह गरिएको थियो । जिल्लाका क्रियाशिल पत्रकारहरु, नागरिक समाज, वुद्धिजिवि, समाजसेवि, ब्यापारी लगायतलाई उपस्थितिका लागि आग्रह गरिएको थियो । जिल्लामा रहेको संचारमाध्यम, पत्रपत्रिकाहरुमा निरन्तर सुचना प्रवाह गर्नुका साथै सार्वजनिक सुनुवाई कार्यक्रमको प्रचार-प्रसारका लागि अन्तरवार्ता, कुराकानी, छलफल समेत धेरै पटक सम्पन्न गरिएको थियो ।

सार्वजनिक सुनुवाई गर्नु पुर्व बस्ति स्तरमा सुझाव संकलन, नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलन कार्यक्रमको समाचार, सुचनालाई प्राथमिकताका साथ प्रचार-प्रसार गरिएको थियो । यसका साथै विभिन्न रानीतिक दल, सुरक्षाकर्मी, पत्रकार लगायतलाई पत्राचारका साथै फोन मार्फत कार्यक्रमको मिति, समय र स्थानका बारेमा पटक-पटक जानकारी गराइएको थियो । वडामा रहेका सबै जनप्रतिनिधिहरु, कर्मचारीहरुले पनि सेवा ग्राहिहरुलाई कार्यक्रममा उपस्थितिका लागि अनुरोध गरेका थिए ।

## ५) निर्गम अभिमत

सार्वजनिक सुनुवाई गर्नु पुर्व बस्ति स्तरमा सुझाव संकलन, नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलन गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यविधि २०७९ अनुसार सुनिलस्मृति गाउँपालिका भित्र रहेको विभिन्न ४ वटा वडामा सेवा प्रदायक कार्यालयले दिएको सेवा, सेवाग्राहिहरुलाई कस्तो लाग्यो भनि प्रत्यक वडामा निर्गम अभिमत संकलन गरिएको थियो । दोस्रो चौमासिक सार्वजनिक सुनुवाई भएकाले गाउँपालिका भित्रका विभिन्न ४ वटा वडामा मात्र नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलन गर्ने गाउँपालिकलो निर्णय गरेको थियो ।

चालु आर्थिक वर्ष २०८०-०८१ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमलाई लक्षित गरेर सुनिलस्मृति गाउँपालिका वडा नं. ३ मिझिङमा, वडा नं. ४ सुलिचौरमा, ५ नम्बर वडा कार्यालयको क्वालीगाउँ, काभ्रा र रिझाका साथै ६ नम्बर वडा कार्यालय गजुलमा निर्गम अभिमत संकलन गरिएको थियो । वडा कार्यालय तथा विभिन्न कलष्टरमा रहेको सेवाप्रदायक कार्यालयहरुबाट सेवा लियर निस्कियका सेवाग्राहिहरुले सेवा लिदाको अवस्थाका कस्तो महशुस गरे, कार्यालयले दिने सेवा प्रवाह कस्तो लाग्यो, कार्यालयको भौतिक संरचना, सरसफाई, कर्मचारीको ब्यवहार लगायतका बारेमा पश्नावली तयार गरेर सेवाग्राहिहरुको प्रतिकृया संकलन गरिएको थियो साथै कार्यालयको राम्रो लागेका कुरा तथा सुधार गर्नु पर्ने कुराहरु के-के छन लेख्न लगाइएको थियो ।

हरेक स्थानमा मिम्फिङ, सुलिचौर, गजुल, रिम्का, क्वालीगाउँ र काभ्रामा १०-१० वटा गरि कुल ६० जना सेवाग्राहिहरुसंग निर्गम अभिमत संकलन गरिएको थियो । यसका साथै प्रत्यक स्थानमा १ जना महिला र १ जना पुरुष नछुट्ने गरि उनिहरुको स्थानमा भएका समस्या, पशन, जिज्ञासा तथा सुझाव पनि रेकर्ड गरिएको थियो । जुन रेकर्ड आवाज सुनिलस्मृति गाउँपालिका वडा नं. ५ काभ्रामा सम्पन्न भएको दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रममा सम्वन्धित वडा कार्यालय, पालिकाका शाखा प्रमुख तथा जनप्रतिनिधिहरुलाई समाधानका लागि आग्रह गरिएको थियो ।

## ६) नागरिक प्रतिवेदन

सुनिलस्मृति गाउँपालिका वडा नं. ५ गजुलमा २०८० चैत्र २६ गते हुने दोस्रो चौमासिक सार्वजनिक सुनुवाईलाई लक्षित गरेर चैत्र ४ गतेदेखि चैत्र २३ गते शुक्रवार सम्म गाउँपालिकाका बिभिन्न कलष्टरहरुमा पुगेर नागरिक प्रतिवेदन तयार परिएको थियो ।

सुनिलस्मृति गाउँपालिको वडा नं. ३ मिम्फिङ, ४ सुलिचौर, ५ को रिम्का, काभ्रा, क्वालिगाउँ र ६ नम्बरको पानीपोखरा भन्ने स्थानमा १०-१० वटा नागरिक प्रतिवेदन संकलन गरिएको थियो । सुनिलस्मृति गाउँपालिकाले २०७९ सालमा पारित गरेको सार्वजनिक सुनुवाई कार्यविधि २०७९ ले तयार पारेको अनुसुचि अनुसारको नागरिक प्रतिवेदन तयार गरिएको थियो । प्रत्यक कलष्टरमा रहेको विभिन्न सेवा प्रदायक कार्यालयहरुमा सेवा प्रवाहको अवस्था कस्तो छ, सेवाप्रदायक कर्मचारीको ब्यवहार, क्षमता, काम गर्ने शैली, कार्यालयको भौतिक संरचना, कार्यालय ब्यवस्थापन, सुशासन, पारदर्शिता, जवाफदेहिता, कार्यालयको आर्थिक अवस्था, सरसफाई लगायत विभिन्न प्रश्नावलीहरु समेटिएको नागरिक प्रतिवेदन फारम तयार गरिन भर्न लगाइएको थियो ।

नागरिक प्रतिवेदन तयार पार्दा, महिला, पुरुष, दलित, जनजाति, फरक क्षमता भएका ब्यक्ती लगाएतलाई नछुट्ने गरि समावेश गरिएको थियो । प्रतिवेदन तयार पर्दा कर्मचारी, जनप्रतिनिधि वा सेवाप्रदायक कसैको पनि प्रभाव नपरोस भन्नका लागि सेवाग्राहिहरुलाई छुट्टा छुट्टै बसाईको ब्यवस्था समेत गरिएको थियो । साथै आफुले सेवा लिन जाँदा जस्तो महशुस गरेको सोही बमोजिम कसैको डर, त्रास तथा कुनै पनि शंका नमानि भर्न आग्रह गरिएको थियो । हरेक टोलबाट गरि ६० वटा भन्दा धेरै नागरिक प्रतिवेदन तयार गरिएको थियो । जुन सार्वजनिक सुनुवाई हुने मितिमा सेवाप्रदायकहरुले हेर्न चाहेको खण्डमा हेर्न सकिने ब्यवस्था समेत गरिएको थियो ।

## ७) निर्गम अभिमत मार्फत प्राप्त प्रश्न तथा प्रतिक्रिया र समाधान

विभिन्न सेवाप्रदायक कार्यालयहरुबाट प्रदान गरिएका सेवाप्रवाहका साथै कर्मचारीको सेवाग्राही प्रतिको ब्यवहार, कार्यालयको राम्रो पक्ष, सुधार गर्नु पर्ने कुराहरु तथा प्रश्न, प्रतिकृया समेत निर्गम अभिमतमा संकलन गरिएको थियो । वस्ती स्तरमा प्राप्त राम्रो पक्ष तथा सुधार गर्नु पर्ने कुराहरु साथै प्रश्न प्रतिकृया र सम्वन्धित अधिकारीले दिएको समाधान यस प्रकारको रहेको छ ।

क) सुनिलस्मृति गाउँपालिका वडा नं. ३ मिझिङ

| क्र. स. | प्रश्नकर्ताको नाम | सुझाव प्रश्न तथा गुनासो | गुनासो सम्बोधन गर्ने ब्यक्ति | गुनासो सम्बोधनको किसिम | कैफयत |
|---|---|---|---|---|---|
| १. | बिर्खबहादुर विष्ट | सुनिलस्मृति गाउँपालिका वडा नं. ३ मिझिङ खाने पानीको ठुलो समस्या, विभिन्न स्थानमा सिचाइ कुलो निमार्ण गर्नु पर्ने, अधुरा विकाश निर्माणको काम पुरा गर्नु पर्ने । | सुनिलस्मृति गाउँपालिका वडा नं. ३ का वडा अधयक्ष दुर्गाबहादुर विष्ट | सुनिलस्मृति गाउँपालिका ३ नम्वर वडा कार्य समितिको बैठक बसालि विभिन्न सिचाई योजनाहरु सम्पन्न गर्नका लागि पालिका, प्रदेश र संघमा समेत योजना पठाई सकेको । वडा भित्र रहेको विभिन्न अधुरो योजनालाई पुरा गर्ने गरि प्राथमिकता दिइने वडा अध्यक्ष दुर्गाबहादुर विष्टले प्रष्ट पार्नु भएको छ । | |
| २. | लक्ष्मी बिष्ट | विद्यालयको खेलकुद मैदान नभएको, विद्यालयमा समयमै कोर्ष पुरा नगर्ने, कोर्ष पुरा नगरेको ट्युशनमा पढाउने । | सुनिलस्मृति गाउँपालिका वडा नं. ३ का वडा अध्यक्ष दुर्गाबहादुर विष्ट / शिक्षा शाखा प्रमुख यादव केसी | चन्द्रप्रभा माध्यामिक विद्यालयको खेलकुद मैदान स्थानीय सरकारको पहलमा ६० प्रतिशत भन्दा धेरै काम भइ सकेको स्थानीय विवादका कारण मैदान निमार्ण हुन नसकेको स्विकारदैं आर्थिक वर्ष २०८१-०८२ सम्म निर्माण गरिसक्ने वडा नं. ३ का वडा अध्यक्ष दुर्गाबहादुर विष्टले प्रतिवद्धता जनाउनु भएको छ । चन्द्रप्रभामै कलासमा कोर्ष पुरा नगररेर ट्युसनमा पढाएको विषयमा कुन शिक्षकले कति कक्षामा त्यसो | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | गरेको हो । खोजविन गर्ने शिक्षा शाखा प्रमुख यादव केसीले बताउनु भएको छ । | |

सुनिलस्मृति गाउँपालिका वडा नं. ३ को वडा कार्यालयमा, वडा कार्यालयबाट सेवा लियर फर्कदै गरेको सेवाग्राहिहरुसंग निर्गम अभिमत संकलन गरिएको थियो । उनिहरुले विभिन्न प्रश्न तथा प्रतिकृया अभिमतमा जाहेर गरेका थिए । यसका साथै सोही स्थानका १० जना भन्दा धेरैसंग नागरिक प्रतिवेदन पनि तयार पारिएको थियो । त्यतिकै संख्यामा निर्गम अभिमत संकलन गरिएको थियो ।





*नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलनको समयमा लिइएको सुनिलस्मृति ३ मिभिङको फोटो*

सुनिलस्मृति गाउँपालिका वडा नं. ३ मिभ्फिङमा नागरिक प्रतिवेदन तथा निर्गम अभिमत संकलन गर्दा नागरिकहरुले सोधेको प्रश्न तथा जिज्ञासाको समाधान वा प्रश्नको जवाफ मागिएको थियो । गाउँपालिकाको चालु आर्थिक वर्ष २०८०-०८१ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रममा २०८० चैत्र २६ गते काभ्रामा भएको कार्यक्रममा जवाफ तथा समाधान तथा आगामी आर्थिक वर्षमा नागरिकहरुको माग कसरी सम्बोधन गर्नु हुन्छ भनेर प्रतिवद्ध समेत गराइएको थियो ।




*नगरिकहरुले निर्गम अभिमतमा राखेका प्रश्न, प्रतिकृया तथा जिज्ञासाको समाधान गर्दै सुनिलस्मृति गाउँपालिका वडा नं. ३ का वडा अध्यक्ष दुर्गाबहादुर विष्ट*

## ख) सुनिलस्मृति गाउँपालिका वडा नं. ४ सुलिचौर

| क्र. स. | प्रश्नकर्ताको नाम | सुझाव प्रश्न तथा गुनासो | गुनासो सम्बोधन गर्ने ब्यक्ति | गुनासो सम्बोधनको किसिम | कैफयत |
|---|---|---|---|---|---|
| १. | यमराज बुढाथोकी | कोइरालखर्क विद्यालय भवन अधुरो, विद्यालयको घेराबार नभएको, कोइरालखर्कमा खानेपालीको समस्या, ४ नं. वडा कार्यालयको भवन नभएको । | सुनिलस्मृति गाउँपालिका अध्यक्ष मणिराम बुढाथोकी | खानेपानी, सिचाई र विद्युतका लागि आफुहरुले हरके क्षेत्रमा पहल र प्रयास गरिरहेको, सुनिलस्मृति गाउँपालिका वडा नं. ४ को वडा कार्यालयको भवन निमार्णका लागि जग्गा प्राप्ती भएमा चालु आर्थिक वर्षमै सुरुवात गर्न सकिने गाउँपालिका अध्यष बुढाथोकीको भनाई । | |

| | | | | | |
|---|---|---|---|---|---|

सुनिलस्मृति गाउँपालिकाको केन्द्र र वडा कार्यालय समेत रहेको ४ न. वडा कार्यालय पुर्वी रोल्पाको मुख्य ब्यापारीक केन्द्र सुलिचौरमा सुझाव संकलनका लागि वडा कार्यालयमा पुगेका थियौँ । वडा कार्यालयमा सेवा लिन आएका वुद्धिजिविहरुको सहयोगमा १० वटा नागरिक प्रतिवेदन १० वटा निर्गम अभिमत केही सल्लाह, सुझाव, प्रतिकृया तथा पश्न संकलन गरिउको थियो ।



*नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलनको समयमा लिइएको सुनिलस्मृति ४ सुलिचौरको फोटो*

ग) सुनिलस्मृति गाउँपालिका वडा नं. ५ (रिभ्मा)

| क्र. स. | प्रश्नकर्ताको नाम | सुझाव प्रश्न तथा गुनासो | गुनासो सम्बोधन गर्ने ब्यक्ति | गुनासो सम्बोधनको किसिम | कैफयत |
|---|---|---|---|---|---|
| १. | निर्मला विष्ट | रिजामा पानीको समस्या, बाटोको मस्या, | सुनिलस्मृति गाउँपालिका वडा नं. ५ का वडा अधयक्ष | रिभ्माको खानेपानी र विद्युतको विषयमा भएको समस्या आफुले नजिकबाट हेरिएको । उक्त स्थानमा खानोपानी पन्चवर्षिय योजना | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | विद्यालय टाढा, गाउँघर क्लिनिक सधै बन्द हुने गरेको, वडा कार्यालय टाढा | मणि थापा र सुनिलस्मृति गाउँपालिकाका स्वास्थ्य शाखा संयोजक मोतिम आलम | सम्पन्न भएको मर्मतका लागि वजेट सुनिश्चित गर्न गाउँपालिका लागि परेको वडा अध्यक्षको भनाई । गाउँघर क्लिनिक खोप लगाउदा र तौल लिदा मात्र खुल्ने, जनशक्ति अभावका कारण अन्य दिनहरुमा खोल्न नसकिएको आलमको भनाई । | |
| २ | भुपेन्द्र बुढाथोकी | ट्रासमिटर टाढा भएकाले डिम आउने मिल, आरा मेसिन नतान्ने, ११ वर्ष पगेपछि मात्र विद्यालय आउने गरेको विद्यालय टाढा भएकाले, आकाशे पुल भएको भए उत्तम हुने । | सुनिलस्मृति गाउँपालिका वडा नं. ५ का वडा अध्यक्ष मणि थापा र गाउँपालिका अध्यक्ष मणिराम बुढाथोकी | विद्युतको सन्दर्भमा रिझाको यउटा मात्र ट्रान्समिटरले काम नगरेकोमा आफुले समस्या समाधानका लागि गाउँपालिका र विद्युत वितरण केन्द्र रोल्पामा पहल गरिरहेको वडा अध्यक्षको भनाई ।<br><br>गाउँपालिकाका विभिन्न क्षेत्रमा आकाशे पुलको अवधारणा लिएको र आवश्यक रहेका स्थानमा लामो आकाशे पुलको डिपिआर गरि संघ र प्रदेशमा पहल गरिरहेको अध्यक्षको भनाई, यसले गर्दा यात्रामा छोटो र सहज हुने अध्यक्षको प्रतिकृया । | |

सुनिलस्मृति गाउँपालिकाको चालु आर्थिक वर्ष २०८०-०८१ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई सुनिलस्मृति गाउँपालिका वडा नं. ५ को गजुलमा गर्ने गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम सुनिलस्मृति गाउँपालिका वडा नं. ५ को सम्पुर्ण टोलहरुमा सुझाव संकलन गर्न सुनिलस्मृति गाउँपालिकाले आग्रह गरेको थियो सोही अनुसार सुनिलस्मृति गाउँपालिका वडा नं. ५ को क्वालीगाउँ, काभ्रा र रिझामा सुझाव संकलन गरिएको थियो ।



*सुनिलस्मृति गाउँपालिका वडा नं. ५ रिझामा सुझाव संकलन, निर्गम अभिमत तथा नगरिक प्रतिवेदन तयार गर्दा लिइएको तस्विर*

घ) सुनिलस्मृति गाउँपालिका वडा नं. ५ गजुल (काभ्रा)

| क्र. स. | प्रश्नकर्ताको नाम | सुझाव प्रश्न तथा गुनासो | गुनासो सम्बोधन गर्ने ब्यक्ति | गुनासो सम्बोधनको किसिम | कैफयत |
|---|---|---|---|---|---|
| १. | निर्मला महरा | काभ्रामा महिलाहरुलाई कुनै पनि तालिम नभएको, वालविवाह, बहुविवाह न्युनिकरण | सुनिलस्मृति गाउँपालिका वडा नं. ५ का वडा अधयक्ष मणि थापा | महिलाहरुलाई तालिमको ब्यवस्था गर्नु पर्ने नीति बनाए पनि बजेटको समस्याका कारण कुनै पनि कार्यक्रम गर्न नसकिएको र आगामी आर्थिक वर्षमा त्यस प्रकारको तालिमको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | नभएको, महिलाहरुलाई कुटपिट गर्ने ॥ | | ब्यवस्था गर्ने वडा अध्यक्षको प्रतिवद्धता ॥ | |
| २ | तुकबहादुर खत्री | उपभोत्ता समिति आफ्नो पक्षको राख्ने, चुनावमा जितेर गइसकेपछि जनताको घरमा नफर्किने, भन्ने यउटा अर्कै गर्ने गरेको | सुनिलस्मृति गाउँपालिका का अध्यक्ष मणिराम बुढाथोकी | हरेक योजनाको उपभोत्ता समिति निमार्ण गर्दा वडा सदस्य प्रत्यक्ष सहभागि हुने भएकाले त्यसो नहुनेमा आफु ढुक्क यदि त्यसो भएको भए नगर्न आग्रह, आफु टोल विकाश समिति मार्फत योजना सम्पन्न गर्ने पक्षमा रहेको अध्यक्षको भनाई । | |
| ३ | सुर्य महरा | काभ्रामा खेतियोग्य जमिन भए पनि तरकारी खेतिको बजारीकरण नभएको, सडकहरु स्तरोन्नती गर्नु पर्ने | सुनिलस्मृति गाउँपालिका का अध्यक्ष मणिराम बुढाथोकी | वजारीकरणका लागि गाउँपालिकामा संकलन केन्द्र स्थापनाका लागि प्रयास गर्ने साथै कृषि उपजलाई भण्डारण गर्नका लागि कोण्ड स्टोर निमार्ण गरिने अधयक्षको भनाई । | |



*सुनिलस्मृति गाउँपालिका वडा नं. ५ काभ्रामा सुझाव संकलन, निर्गम अभिमत तथा नगरिक प्रतिवेदन तयार गर्दा लिइएको तस्विर*

ङ) सुनिलस्मृति गाउँपालिका वडा नं. ५ गजुल (क्वालीगाउँ)

| क्र.स. | प्रश्न कर्ता को नाम | सुझाव प्रश्न तथा गुनासो | गुनासो सम्बोधन गर्ने ब्यक्ति | गुनासो सम्बोधनको किसिम | कैफयत |
|---|---|---|---|---|---|
| १. | पुष्पा पुनमगर | विद्यालय वरीपरी फोहोर व्यवस्थापन नभएको, जाँड, रक्सि, जुवातासको समस्या, वालविवाह, महिलाहरुलाई सशक्तिकरणका लागि तालिम दिनु पर्ने | सुनिलस्मृति गाउँपालिका वडा नं. ५ का वडा अधयक्ष मणि थापा गाउँपालिका उपाध्यक्ष मीना थापा | विद्यालय वरिपरी फोहोर ब्यवस्थापनका लागि सम्वन्धित निकायलाई ध्यानाकर्षण गराउने, महिलाहरुलाई तालिमको तागि आगामी आर्थिक वर्षमा बजेटको ब्यवस्था गर्ने प्रतिवद्धता, समाजमा रहेको वालविवाह, जाँड, रक्सी, जुवा, तास नियन्त्रणका लागि लागि परिरहेको वडा अध्यक्षको भनाई | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | । समाजमा रहेको वालविवाह, जाँड, रक्सि, जुवा, तास खेल्ने समस्या समाधान गर्न गाउँपालिका लागि रहेको, यो समस्या समाधान गर्नका लागि सम्पुर्ण आमा समुह, युवा क्लवको, वुद्धिजिविहरुको साथ र सहयोग हुनु पर्ने उपाध्यक्ष थापाको भनाई । | |
| २ | सुभान खत्री | क्वालीगाउँ विद्यालयको प्राङ्गण नभएको, भवन भत्कीन थालेको, नया भवन निर्माण कार्य ढिलो भएको, पहिरोको समस्या | सुनिलस्मृति गाउँपालिकाका वडा नं. ५ का वडा अध्यक्ष मणि थापा | क्वालीगाउँ विद्यालय प्राङ्गाण्को कुरा गर्दा वडा भरिका सबै विद्यालयको प्राङ्गणको अवस्था उस्तै नाजुक भएको, क्वालीगाउंको विद्यालयको प्राङ्गण १५ लाख ९५ हजार निमार्णका लागि छुट्याएको र हरेक ठाउँमा पहल गरिरहेको, सोही विद्यालयमा निर्माणाधिक भवन २०८१ साल भित्र जसरी पनि निमार्ण गरेर सक्ने वडा अध्यक्ष थापाको प्रतिवद्धता । | |



*सुनिलस्मृति गाउँपालिका वडा नं. ५ क्वालीगाउँमा सुझाव संकलन, निर्गम अभिमत तथा नगरिक प्रतिवेदन तयार गर्दा लिइएको तस्विर*

सुनिलस्मृति गाउँपालिकाले प्रत्यक चौमासिकमा सार्वजनिक सुनुवाई कार्यक्रम गर्दै आइरहेको छ । गाउँपालिकाले प्रत्यक चौमासिक सार्वजनिक सुनुवाई कलष्टरहरुमै पुगेर गरिरहेको छ । नागरिकहरुको समस्या उनिहरुकै बस्तिमा पुगेर सुन्दा सवैको आवाज समेटिने भएकाले कलष्टर स्तरमै पुगेर गाउँपालिकाले चौमासकि सार्वजनिक सुनुवाई गरिरहेको छ । सोही अनुसार चालु आर्थिक वर्षको दोस्रो चौमासिक सार्वजनिक सुनुवाई सुनिलस्मृति गाउँपालिका वडा नं. ५ गजुलमा गर्ने निर्णय गरेकाले ५ नं. वडा भित्रका सवै कलष्टरहरु रिभा, काभ्रा र क्वालीगाउँमा सुझाव संकलन, नागरिक प्रतिवेदन तयार तथा निर्गम अभिमत संकलन गरिएको थियो । नागरिकहरुले निर्गम अभिमत तथा प्रत्यक्ष आवाज मार्फत दिएको सुझाव, जिज्ञासा तथा प्रश्नको उत्तर २६ गते सम्पन्न सार्वजनिक सुनुवाईमा मागेका थियौ । साथै आगामी आर्थिक वर्षमा नागरिकहरुको गुसानो कसरी सम्वोधन गर्नु हुन्छ भनी प्रतिवद्ध समेत गराएका थियौं ।




*नगरिकहरुले निर्गम अभिमतमा राखेका प्रश्न, प्रतिकृया तथा जिज्ञासाको समाधान गर्दै सुनिलस्मृति गाउँपालिका वडा नं. ६ का वडा अध्यक्ष मणि थापा*

च) सुनिलस्मृति गाउँपालिका वडा नं. ६ गजुल

| क्र. स. | प्रश्नकर्ताको नाम | सुझाव प्रश्न तथा गुनासो | गुनासो सम्बोधन गर्ने व्यक्ति | गुनासो सम्बोधनको किसिम | कैफयत |
|---|---|---|---|---|---|
| १. | नर्मादेवि सुवेदी | सुनिल मार्ग पिच गछौं भनेर नगरेको, पानीपोखरालाई कागति पकेट क्षेत्र बनाउनु पर्ने, बाँदरको समस्या रहेको | सुनिलस्मृति गाउँपालिका वडा नं. ६ का वडा अधयक्ष लोकेन्द्र बहादुर थापा | सुनिलमार्ग पिजको कुरा जहिले पनि उठ्ने गरेको, यो मार्ग पिच गर्नका लागि एडिबिले नेपाल सरकारको २० प्रतिशत लगानीमा सम्पन्न गर्ने कुरा चलेको अहिले उक्त योजनाको फाइल अगाडि वढाउन प्रदेश र संघमा पहल गरिरहेको वडा अधयक्ष थापाको भनाई । आगामी आर्थिक वर्षका लागि कुन भूगोलमा के हुन्छ, कसरी | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | राम्रो बनाउने भन्नेमा विभिन्न सरकारमा विषेश पहल गर्ने । | |
| २ | किरण सुवेदी | गजुल स्वास्थ्य चौकिमा औषधिको अभाव, खारा खेत सिचाई कुलो डिपिरार भएर निमार्ण नभएको, मकै रोपिसकेपछि विउ बाडेको, पानी पोखरा गाउँघर क्लिनिकमा कर्मचारी खटाउनु पर्ने | सुनिलस्मृति गाउँपालिका वडा नं. ६ का वडा अध्यक्ष लोकेन्द्र बहादुर थापा | स्वास्थ्य सेवा प्रभावकारी बनाउनका लागि आफुहरु लागि परिरहेको ।<br>फलफूल र विउँ समयमा वितरण नभएकोमा गल्ति स्विकार्दै आगामि दिनमा के को विउ कहिले वितरण गर्ने भन्ने विषयमा शाखामा पहल गर्ने वडा अध्यक्षले बताउनु भएको छ । डिपिआर भएका योजनाहरु क्रमैसंग अगाडि बढाउने, पानीपोखरा गाउँघर क्लिनिकका लागि कर्मचारी खटाउन पहल गर्ने | |
| ३ | विष्णु थापासेन | मधिरा सेवन नियन्त्रण गर्नु पर्ने, सुरक्षाका लागि गजुलमा प्रहरी चौकीको आवश्यकता | सुनिलस्मृति गाउँपालिका वडा नं. ६ का वडा अध्यक्ष लोकेन्द्र बहादुर थापा | विभिन्न कलष्टरहरुमा प्रहरी, आमा समुहहरुसंग पुगेर अन्त्य गर्ने प्रयास गरिरहेको, पहिलेको तुलनामा अहिले धेरै नियन्त्रणमा आएको । नियन्त्रणका लागि सबै मिलेर लाग्नु पर्ने वडा अध्यक्षको थापाको जिकिर । | |

सुनिलस्मृति गाउँपालिकाको चालु आर्थिक वर्षको दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम गाउँपालिका वडा नं. ५ काभ्रामा गर्ने गाउँ कार्यपालिकाले निर्णय गरेको थियो । वडा नं. ५ को छिमेकी वडा ६ नं. वडा कार्यालय भएकाले सुनिलस्मृति गाउँपालिका वडा नं. ६ मा पनि १०-१० वटाका दरले नागरिक प्रतिवेदन तथा निर्गम अभिमत संकलन गरिएको थियो । यस पालि सके सम्म कलष्टरमा पुगेर सुझाव संकलन गर्ने गाउँपालिकाले आग्रह गरेकाले

सुनिलस्मृति गाउँपालिका वडा नं. ६ को पानी पोखरामा सुभ्काव संकलन गरिएको थियो । पानी पोखरामा युवा, वृद्ध, वृद्धाहरुमो समेत सुभ्काव संकलन कार्यक्रममा सहभागिता रहेको थियो ।



*सुनिलस्मृति गाउँपालिका वडा नं. ५ गजुलमा सुभ्काव संकलन, निर्गम अभिमत तथा नगरिक प्रतिवेदन तयार गर्दा लिइएको तस्विर*

सनिलस्मृति गाउँपालिका वडा नं. ६ को पानीपोखरामा नागरिक प्रतिवेदन तयार गर्दा वा निर्गम अभिमत संकलन गर्दा केही सेवाग्राहिहरु तथा नागरिकहरुले वडा अध्यक्षलाई प्रश्न तथा प्रतिकृया तथा जिज्ञासा राखेका थिए । वडा कार्यालय तथा गाउँपालिकाले आगामी आर्थिक वर्षमा यस्तो कार्य गरे हुन्थ्यो भन्ने खालका सुभ्कावहरु पनि राखेका थिए । वडा अध्यक्षसंग २०८० साल चैत्र २६ गते काभ्रामा सम्पन्न भएको दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रममा हामीले सुनिलस्मृति गाउँपालिका वडा नं. ६ का वडा अध्यक्ष लोकेन्द्रबहादु थापासंग प्रश्नको जवाफ मगेका थियौं ।




*नगरिकहरुले निर्गम अभिमतमा राखेका प्रश्न, प्रतिकृया तथा जिज्ञासाको समाधान गर्दै सुनिलस्मृति गाउँपालिका वडा नं. ६ का वडा अध्यक्ष लोकेन्द्रबहादुर थापा*

## ८) प्रथम चौमासिक सार्वजनिक सुनुवाई/कार्यक्रम विवरण

सुनिलस्मृति गाउंपालिकाको चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ । आर्थिक वर्ष २०८०/०८१ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सुनिलस्मृति गाउँपालिकाको वडा नम्बर ५ गजुलमा सम्पन्न भएको हो ।

गाउँपालिकामा आर्थिक वर्ष २०८०/०८१ को दोस्रो चौमासिक रूपमा सम्पन्न भएका विकास योजना, कार्यक्रम, सेवाप्रवाह लगाएत समग्र क्रियाकलापको बारेमा सार्वजनिक सुनुवाइ गरिएको थियो । सुनिलस्मृति गाउँपालिकाले कार्यविधि नै बनाएर चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमलाई कुनै एक वडा स्तरमा र वार्षिक सार्वजनिक सुनुवाइ कार्यक्रमलाई गाउँपालिकाको केन्द्रमा गर्दै आएको छ ।

सुनिलस्मृति गाउँपालिकाको आलु आर्थिक वर्षको हालसम्म भएको प्रगति प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत गोविन्द भट्टराईले प्रस्तुत गर्नुभएको थियो । सुनिलस्मृति गाउँपालिकामा आर्थिक वर्ष २०८०/०८१ मा ५१ करोड ५० लाख १६ बजेट विनियोजन भएको थियो ।

विनियोजित बजेट मध्ये हालसम्म २१ करोड ६ लाख ५८ हजार अर्थात कुल बजेटको ४०.९ प्रतिशत खर्च भएको प्रमुख प्रशासकीय अधिकृत भट्टराईले बताउनु भयो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागि नागरिकहरु बाट उठेका शिक्षा, स्वास्थ्य, कृषि, बिधुत, पर्यटन र खानेपानी, सिंचाई, पुर्वाधार, आदीको क्षेत्रमा समस्या भएको बताएका थिए । स्थानिय सरकारले अहिले सम्म सबै राम्रै कार्नको लागी प्रयास गरेकोमा स्थानिय सरकार सुनिलस्मृती गाँउपालिकालाई धन्यवाद पनि दिएका थिए । सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागि नागरिकहरु बाट आएका प्रश्न एंव जिज्ञासाको जवाफ गाउँपालिका अध्यक्ष मणिराम बुढाथोकी, उपाध्यक्ष मिना थापा, प्रमुख प्रसासकीय अधिकृत गोबिन्द भट्टाईले समग्र गाँउपालिकासँग उठेका प्रशन एंव जिज्ञासाहरुको जवाफ दिनु भएको थियो भने, वडा र बिभिन्न शाखा सँग सम्बिन्धीत रहेर उठेका प्रशन एंव जिज्ञासाहरुको वडा न. ३ का वडा अध्यक्ष दृर्गा बहादुर बिष्ट, वडा न. ५ का वडा अध्यक्ष मणी थापा, वडा न. ६ का वडा अध्यक्ष लोकेन्द्रबहादुर थापा र गाउँपालिकामा रहेका विभिन्न बिषयगत शाखाका प्रमुखहरुले जवाफ दिएका थिए ।

सार्बजनिक सुनुवाई कार्यक्रममा वडा न. ७ का वडा अध्यक्ष रेशम शर्मा (रिजाल), र कार्यपालिकाका सदस्यहरु, वडा स्थित बिभिन्न राजनैतिक दलका प्रमुख प्रतिनिधीहरुको आतिथ्यता रहनुको साथै सोही सार्वजनिक सुनुवाई कार्यक्रममा टोलबिकास समिति, आमा समुह, युवा क्लब, बाल क्लब, बिभिन्न विद्यालयका शिक्षक, गाउँपालिकाका कर्मचारी लगाएत आम नागरिकहरुको सहभागिता रहेको थियो ।

सुनिलस्मृती गाँउपालिका प्रसासन शाखाका धर्मराज भण्डारीले कार्यक्रमको संचालन गर्नु भएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रमको सहजिकरण रेडियो सभ्यताका पत्रकार गणेश केसीले गर्नुभएको थियो । सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष मणिराम बुढाथोकीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा सुनिलस्मृति गाउँपालिका स्वास्थ्य शाखा प्रमुख मोतिम आलमले स्वागत मन्तव्य राख्नु भएको थियो । कार्यक्रमको रेडियो मालश्री, रेडियो जलजला, रेडियो रोल्पा र रेडियो सभ्यताले प्रत्यक्ष प्रशारण गरेका थिए ।

## ९) कार्यक्रममा सहभागीले राखेका जिज्ञासा र त्यसको सम्बन्धित सरोकारवालाको जवाफ

### केही महत्वपुर्ण मात्र

| क्र. स. | प्रश्नकर्ताको नाम | सुझाव प्रश्न तथा गुनासो | गुनासो सम्बोधन गर्ने | गुनासो सम्बोधनको किसिम | कैफयत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | | व्यक्ति | | |
| १. | ध्रुब बुढाथोकी / सुनिलस्मृति ५ रिम्भा, रोल्पा | प्राथमिक स्वास्थ्य चौकी सुलिचौरमा शुल्क महंगो तिर्नु पर्ने, सामान्य सुत्केरी हुन पनि बाहिर जानु पर्ने बाध्यता, सामान्य समस्यामा पनि बाहिर रेफर गर्ने । | सुनिलस्मृति गाउँपालिकाका स्वास्थ्य शाखा संयोजक मोतिम आलम | निजि मेडिकलको तुलनामा शुल्क थोरै भएको, करारमा धेरै कर्मचारी रहेको, उपकरण मर्मत, प्रशासनीक खर्च गर्नका लागि थोरै शुल्क लिनु पर्ने बाध्यता, प्राथमिक स्वास्थ्य चौकीमा जटिल प्रशूति सेवा नभएकाले खतरा आउन सक्ने लक्षण देखिएमा बाहीर रेफर गर्नु पर्ने बाध्यता रहेको । | |
| २. | सुकलाल थापा / सुनिलस्मृति ५ गजुल, रोल्पा | प्रमुख प्रशासकीय अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन नागरिकहरुलाई नदिएको, किसानको कृषि उत्पादकत्व स्टोर गर्नका लागि कोल्ड स्टोर निमार्ण गर्नु पर्ने । | सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष मणिराम बुढाथोकी | सुनिलस्मृति गाउँपालिकाका कृषकहरुले उत्पादन गरेको कृषि उपजलाई स्टोर गर्नका लागि छिटै कोल्ड स्टोर निमार्ण गर्ने गरि पहल र प्रयास भइरहेको अध्यक्षको भनाई । | |
| ३. | नवराज थापा / ५ गजुल, रोल्पा | सार्वजनिक सुनुवाई कार्यक्रमका लागि काटेको पत्रमा ५ नम्बर वडा कार्यालय गजुल हुनु पर्नेमा किन काभ्रा भयो, ४ वटा वडाको गुनासो र प्रतिनिधिहरुमा कार्यक्रममा किन | सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष मणिराम बुढाथोकी | ५ नं. वडा कार्यालय गजुल हुनु पर्नेमा भुलवस काभ्रा भएको, चौमासिक सार्वजनिक सुनुवाई कलष्टरमा र बार्षिक सार्वजनिक सुनुवाई पालिका केन्द्रमा गरेको जानकारी, प्राथकिम स्वास्थ्य चौकी सुलिचौरमा फार्मेसी संचालन गर्नका लागि सुनिलस्मृति, सुनछहरी र लुंग्री | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | आए ? प्राथमिक स्वास्थ्य चौकीमा फार्मेसी राख्नु पर्ने । | | गाउँपालिकाले १०-१० लाख उठायको, चालु आर्थिक वर्षमा फार्मेसी संचालन हुने अध्यक्षको भनाई । | |
| ४. | रेगबहादुर विष्ट/ सुनिलस्मृति ५ क्वालीगाउँ, रोल्पा | कक्षा ५ र ८ को परिक्षा मात्र गाउँपालिकाले मुल्याङ्कन गरेको तर दरवन्दि मिलान गर्न नसकेको, क्वालीगाउँमा स्वास्थ्य सेवा पाउन कठिन भएको । | गाउँपालिका अध्यक्ष मणिराम बुढाथोकी | गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि दरवन्दि मिलान अनिवार्य भएकाले चालु शैक्षिक शत्रमै दरवन्दि मिलान गर्ने गरि तयारी भइरहेको अध्यक्ष बुढाथोकीको भनाई, स्वास्थ्य सेवालाई सहजै पाउने गरि सेवा विस्तार गरिने उहाको तर्क | |
| ५. | टोपबहादुर खत्री/ सुनिलस्मृति ५ क्वालीगाउँ, रोल्पा | भैंसीमा कृत्रिम गर्भादान गराउदा पैसा तिर्नु परेको, किराले वालीनाली सखाप पार्दा सम्म पनि गाउँपालिकाले प्राविधिक सेवा दिन नसकेको, सामुहिक अदुवा खेतिका लागि भनेर आएको विउ कता गया ? | गाउँपालिका का पशुसेवा शाखा प्रमुख अशोक केसरी र कृषि शाखा प्रमुख शारधा गोराथोकी | कृत्रिम गर्भादान निःशुल्क भए पनि किसानको घर-घरमा सेवा दिदा थोरै शुल्क लिनु सामान्य रहेको केशरीको प्रतिकृया, किसानका लागि भनेर आएको अदुवा वितरण गर्ने र कृषकहरुलाई सके सम्म प्राविधिक सेवा पुऱ्याउने कृषि शाखा प्रमुख गोराथोकीको भनाई । | |
| ६. | पर्शराम घर्तीमगर/ सुनिलस्मृति ५ रोल्पा | ग्लोबल बैंकसंग मात्र गाउँपालिकाले किन सम्झौता गरेको, बैंकमा धेरै लाइन बस्नु पर्ने समस्या, अन्य बंकसंग पनि सम्झौता गर्नु पर्ने | गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत गोविन्द भट्टराई | बैंकमा समस्या भएको स्विकार गर्दै गाउँपालिकामा ढिलो हुने समस्या अहिले बैंकमा सरेको भन्दै पालिकाको तर्फबाट छिटो छरितो सेवा दिनका लागि पहल गर्ने । | |

फोटोमा चालु आर्थिक वर्ष २०८०-०८१ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम फाटोमा



*प्रशासन शाखाका धर्मराज भण्डारी सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्दै गर्दाको तस्विर :*



*गाउँपालिकाको अध्यक्ष मणिराम बुढाथोकीले कार्यक्रमको ब्यानर पढेर सार्वजनिक सुनुवाई कार्यक्रमको गद्घाटन गर्दै गर्दाको तस्विर :*



*सार्वजनिक सुनुवाई कार्यक्रममा राष्ट्रिय गीत गाउँदै गर्दाको तस्विर :*



*स्वास्थ्य शाखाका प्रमुख मोतिम आलमले सार्वजनिक सुनुवाई कार्यक्रममा स्वागत मन्तब्य राख्दै गर्दाको तस्विर :*



सहजकर्ता गणेश केसीले सार्वजनिक सुनुवाई कार्यक्रमको संचालन गर्दै गर्दाको तस्विर :



सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागिहरुको पछिल्लो भागबाट लिइएको तस्विर :



सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागिहरुको प्रश्न राख्दै गर्दाको केही तस्विरहरु :




सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागिहरुको जिज्ञासा शाखा प्रमुखहरुले समाधान गर्दै गर्दाको तस्विरहरु :




*सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागिहरुको प्रमुख प्रशासकीय अधिकृत गोविन्द भट्टराइले जिज्ञासा समाधान गर्दै गर्दाको तस्विर :*



*सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागिहरुको उपाध्यक्ष मीना थालाले जिज्ञासा समाधान गर्दै गर्दाको तस्विर :*



*सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागिहरुको अध्यक्ष मणिराम बुढाथोकीले जिज्ञासा समाधान गर्दै गर्दाको तस्विर :*

## ११)सुझाव

क) कार्यक्रममा सम्पुर्णको आसन ग्रहण गराउदा कार्यक्रम लामो र झन्जटिलो भएको

ख) कार्यक्रममा सहभागिको संख्या बढाउनु पर्ने ।

ग) गाउँ, टोलमा पुगेर भरिने नागरिक प्रतिवेदन फारम सरल बनाउनु पर्ने ।

घ) सार्वजनिक सुनुवाईमा उठेमा समस्याहरुलाई सकेजति छिटो समाधान गर्नु पर्ने ।

ङ) सम्भव भए सम्म तोकिएकै समयमा कार्यक्रम सुरुवात गर्ने ।

## १०) अन्तमा

सेवाप्रदायक नियकाय र सेवाग्राहीविच दुरी नजिक बनाउदै साँझा बुझाइ निमार्ण गर्न र विभिन्न कार्यालय तथा स्थानिय सरकारहरुले गरेको गतिविधि आम नगरिकहरु समक्ष पुऱ्याउने साथै कार्य सम्पादन गर्दै गर्दा भए गरेको गल्ति, कमि, कमजोरी र सकरात्मक सुझाव लिने गतिलो फोरमको रुपमा सार्वजनिक सुनुवाईलाई लिने गरिन्छ ।

सेवाप्रदायक निकाय तथा कार्यालयहरुको गलत बुझाइका कारण सार्वजनिक सुनुवाई नगरेका धेरै दृष्टान्तहरु पनि छन । तर आँट गरेर सार्वजनिक सुनुवाई गरेका पालिका, विभिन्न

कार्यालयहरुले भने त्यस पछि फरक अनुभुति र अनुभव सुनाएका छन । आफुले गरेका राम्रा कामहरुको पनि प्रचार-प्रसारको कमिका कारण र गलत बुझ्काइका कारण सेवाग्राहिहरुमा पर्न गएको गलत बुझ्काई तथा क्रोधलाई अन्त्य गर्दै पालिका तथा सेवाप्रदायक कार्यालयले दिएको सेवामा सन्तुष्ट पार्न पनि सार्वजनिक सुनुवाईले थप भूमिका खेलेको हुन्छ ।

यस प्रकारको कार्यक्रमले गाउँका कुना-कुनामा रहेका समस्याहरुलाई सम्वन्धित सेवाप्रदायक निकायहरु समक्ष पुऱ्याउन महत्वपुर्ण भूमिका खेल्नुका साथै गाउँ, समाजमा भएका समस्यालाई सकरी समाधान गर्न सकिन्छ भन्ने बारेमा पनि विज्ञ, स्थानिय वुद्धिजिवि, समाजसेविहरुले सकरात्मक सुझ्काव समेत दिने भएकाले कार्य सम्पादन गर्नमा सार्वजनिक सुनुवाईको अहम भूमिका हुन्छ । यसलाई अझ्कैं सभ्य, भव्य र सबैको सहभागिता जुटाउनका लागि सबैले आ-आफ्नो तहबाट लाग्नु पर्छ ।

स्थानिय सरकारको केन्द्रमा आम दुरदराजका नागरिकहरुको समस्या, गुनासो नआइ पुग्ने भएकाले विभिन्न गाउँको वस्ति-वस्ति र टोलहरुमा पुगि संकलन गरिने नागरिकहरुको गुनासो, सुझ्काव र सस्या स्थानिय सरकारको केन्द्रमा पुऱ्याउनका लागि पनि सार्वजनिक सुनुवाईले भूमिका खेलेको देखिन्छ । कार्यालयले प्रत्यक चौमासिकमा गरेको गतिविधि, खर्च विवरण समेत सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिने भएकाले विभिन्न योजना तथा कार्यक्रमहरुमा अनियमितता, भ्रष्टचारमा कमि आउनुका साथै मितब्ययिता समेत कायम हुने देखिन्छ । यसलाई निरन्तरता दिनु स्थानिय सरकारको दायित्व हो ।

गाउँपालिका तथा वडा कार्यालय वा अन्य जुन सुकै सेवा प्रदायक कार्यालयहरु, पालिकामा सम्पन्न हुने विभिन्न विकाश निमार्णका योजनाहरु सम्पन्न भए पश्चात पनि सार्वजनिक सुनुवाई गर्नु कानूनी बाध्यता रहेको छ । कागजी रुपमा मात्र नभएर बास्तवमै सार्वजनिक सुनुनवाई गर्न सके कार्यालयले प्रदान गर्ने सेवा प्रवाह, चुस्त, दुरुस्त, पारदर्शि र जनविश्वास प्राप्त गर्न सक्छ ।

............................

प्रतिवेदन - गणेश केसी
पद - स्टेशन म्यानेजर
सस्था - रेडियो सभ्यता ९९.५ मेगाहर्ज
सुलिचौर, रोल्पा